महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७५ असोज २६ गते, शुक्रबार**

माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा, दंगाल र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद्‌हरु बीच नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको स्थापनाको उद्देश्य तथा संस्थाबाट सम्पादित काम-कारबाही सम्बन्धमा छलफल भयो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको कानूनी तथा संगठनात्मक सुधारको खाँचो र आगामी दिनमा संस्थाले सुधार गर्नुपर्ने क्षेत्र बारे प्रकाश पार्नुभयो । सो क्रममा उहाँले संस्थाबाट भएका कामको नेपाल सरकारलाई गर्ने प्रतिवेदन प्रणाली, पार्षद्‌हरुको उत्तरदायित्व र जवाफदेहिता पालना, संस्थाको स्वायत्तता र नियमनकारी भूमिकामा देखिएका समस्या, लेखापरीक्षक सदस्यको कार्य सम्पादन स्थिति र त्यसको गुणस्तर तथा विश्वसनीयता, सदस्यको आचरण र अनुशासन पालनाको स्थिति लगायतका विषयमा देखिएका समस्या सुधारका लागि संस्थाको ध्यानाकर्षण गराउनु भयो ।

कार्यक्रममा उहाँले संस्थाको स्वतन्त्र कार्य सम्पादन स्थिति र नियमनकारी भूमिकामा देखिएको समस्या प्रति गम्भिर चाँसो र चिन्ता व्यक्त गर्दै यी पक्षमा तत्काल नतिजामूखी सुधार अपेक्षा गर्दै **नेपाल सरकारको अपेक्षा अनुसार कार्य सम्पादन हुन नसकेमा संस्थाको विकल्पको खोजी हुन सक्ने स्थिति तर्फ समेत ध्यानाकर्षण गराउनु भयो ।**

कार्यक्रममा संस्थाका अध्यक्ष श्री जगन्नाथ उपाध्यायले संस्थाबाट सम्पादित कार्य र सुधारका विभिन्न पक्ष बारे उल्लेख गर्नुभएको थियो । सो क्रममा उहाँले सरोकारवाला पक्षसँगको सहकार्यमा सुधारका पक्षलाई तिव्रता दिने बताउनु भयो ।

२०७५।६।२६

विष्णुप्रसाद रिजाल
प्रवक्ता / नायब-महालेखापरीक्षक